स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

---

# स्थानीय राजपत्र

---

**खण्डः ०४ संख्याः ०५ मितिः २०७७।०६।१०**

---

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

---

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७७।०६।०८ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **“विरुवा गाउँपालिकाको करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि-२०७७”** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सामुदायिक विद्यालयको स्विकृत दरबन्दीमा करार तथा राहत शिक्षक छनौट तथा नियुक्ती सम्बन्धि व्यवस्थालाई मर्यादित बनाउन आवश्यक भएकोले विरुवा गाँउपालिका स्थानिय शिक्षा ऐन २०७४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरि गाँउपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि, २०७७"** रहेको छ ।

२. यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाँउपालिका"' भन्नाले विरुवा गाँउपालिकालाई सम्झनुपर्छ।

ख. " ऐन" भन्नाले विरुवा गाँउपालिकाको स्थानिय शिक्षा ऐन २०७४ सम्झनुपर्छ।

ग. "अध्यक्ष" भन्नाले विरुवा गाँउपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

घ. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले विरुवा गाँउपालिक को प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

ङ. "शाखा" भन्नाले शिक्षा शाखालाइ सम्झनुपर्छ।

च. "शिक्षा अधिकृत" भन्नाले शिक्षा शाखा प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारी सम्झनुपर्छ।

छ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १९ बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

ज. "शिक्षक" भन्नाले स्विकृत दरबन्दी, राहत अनुदान कोटा र लियनमा कार्यरत शिक्षकलाई सम्झनुर्छ।

झ. "विशेषज्ञ" भन्नाले गाँउपालिकामा सुचिकृत माध्यमिक निम्न माध्यमिक र प्राथमिक तहका विशेषज्ञ सम्झनुपर्छ।

## परिच्छेद २

## पदपुर्ति र छनोट प्रकृया

४. **पदपुर्तिः** (१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली सात दिनभित्र जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) वमोजिम रिक्त पदमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पन्ध्र दिनभित्र गाँउपालिकामा पदपुर्ति अनुमति माग गर्नुपर्ने छ।

(३) पदपुर्ति माग भएकोमा शाखाले तह, श्रेणी र विषय खोली पदपुर्ति अनुमति दिनेछ।

(४) पदपुर्ति अनुमति पाप्त भएपछि विद्यालयले दैनिक पत्रिकामा ७ दिनको विज्ञापनको सुचना प्रकाशित गर्नुपर्ने छ।

(५) विज्ञापनको म्याद समाप्त भएपछि ऐनको दफा २४ बमोजिमको छनोट समितिले शिक्षक छनोट गरी करारमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

५. **छनोट प्रकृयाः** (१)करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठयक्रम अनुसार परिक्षा सञ्चालन गर्नुपर्ने छ।

(२) लिखित परिक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनोट गर्नुपर्ने छ।

(४) ऐनको दफा २१ बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा गाँउपालिकामा सुचिकृत विषय विशेषज्ञ मध्येबाट छनोट समितिका अध्यक्ष सदस्य र सदस्य सचिवको आपसी सहमतिमा छनोट गर्नुपर्ने छ।

## परिच्छेद ३

## विशेषज्ञ सम्बन्धि व्यवस्था

६. **विशेषज्ञ सुचिकरण प्रक्रियाः** (१) ऐनको दफा २१ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाँउपालिकाले सुचना प्रकाशित गरी तोकेको अबधि भित्र निबेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशित गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ।

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानबिन गरी प्राथमिक निम्न माध्यमिक र माध्यामिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सुची प्रकाशित गर्नेछ।

(४) उपदफा (२) बमोजिम सुची प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहको लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ।

७. **विशेषज्ञको योग्यताः** विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ।

क) सम्बन्धित तहमा स्थायी सेवा ३ वर्ष पुरा भै कम्तीमा पाँच वर्षको शिक्षण अनुभव भएको । तर यदी कुनै बिषयमा गाउँपालिका भित्र सम्बन्धित तहमा ३ बर्ष स्थायी सेवा पुगेको जनशक्ति नभएमा १ बर्ष स्थायी सेवा पुगेको शिक्षकलाई समेत समावेश गर्न सकिनेछ ।

ख) प्राथमिक तहका लागी स्नातक वा सो सरह र तालिम प्राप्त ।

ग) निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह र तालिम प्राप्त ।

घ) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त । तर माध्यमिक तहको कुनै बिषयमा पालिका भित्र तोकिएको स्थायी सेवा पुगेको तर स्नात्तकोत्तर योग्यता भएको शिक्षक उपलब्ध हुन नसकेको खण्डमा स्नातक तह उत्तीर्ण कम्तिमा ५ बर्ष स्थायी सेवा गरेको शिक्षकले समेत आवेदन दिई सुचिकृत हुन सक्नेछ ।

ङ) माथिल्लो तहमा सुचिकृत भएको बिशेषज्ञले तल्लो तहको लागि सञ्चालन हुने परिक्षामा समेत बिज्ञको रुपमा काम गर्न सक्नेछ ।

८. **विशेषज्ञ छनोट सम्वन्धी व्यवस्थाः** (१) कुनै विषयमा कम्तीमा ३ जना विशेषज्ञ सुचिकृत नभएमा वा सुचिकृत विशेषज्ञ उपलब्ध नभएमा स्याङजा जिल्लाभित्रका अन्य गाँउपालिकामा सुचिकृत भएका विषय बिज्ञबाट समेत छनोट गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका विशेषज्ञबाट सहमतीमा छनोट समितिले विशेषज्ञ छनोट गर्ने छ ।

(३) स्याङजाजिल्ला भित्रका अन्य गाँउपालिकामा सुचिकृत भएका विशेषज्ञको शाखाले माग गरी अभिलेख राख्नेछ।

## परिच्छेद ४

## करार नियुक्ति

९. **करारमा शिक्षक नियुक्तिः** (१) यस कार्यविधि बमोजिम छनोट भएको शिक्षकको बढीमा एक शैक्षिक सत्रका लागी विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले करारमा नियुक्ति गर्नेछ।

(२) करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागी फाइल खडा गरी १५ दिन भित्र गाँउपालिकामा पेश गर्नुपर्नेछ।

(३) विद्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्तरण नहुँदासम्म शिक्षा विकास तथा समन्वय इकाइमा समेत दिनुपर्नेछ।

(४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भै आएमा करारमा नियुक्ति भएको शिक्षक स्वःत सेवाबाट अवकास हुनेछ ।

१०. **वैकल्पिक उम्मेदवारले नियुक्ति पाउनेः** (१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई योग्यता क्रम अनुसार नियुक्ति दिइनेछ।

**११. उजुरी सम्बन्धी व्यवस्थाः (१)** करारमा शिक्षक नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा उम्मेदवारले गाउँपालिकामा कारण र आधार खोली उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानबिन गर्न देहाय बमोजिम एक उजुरी छानबिन समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत —संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी-सदस्य

ग) शाखा प्रमुख —सदस्य सचिव

(३) समितिले उजुरी उपर छानबिन गरी आवश्यक निर्णय गर्नेछ।

**१२. पारिश्रमिक सम्बन्धि व्यवस्थाः** छनोट समितिमा रहने सदस्यहरुले विद्यालय व्यवस्थापन समितिले तोके बमोजिमको पारिश्रमिक पाउने छन्।

**१३. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुनबमोजिम हुनेछ ।

**१४. कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या गाँउपालिकाले गरे बमोजिम हुनेछ।

आज्ञाले

कुलराज सुवेदी

प्रमुख प्रशासकीय अधिकृत